annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ९ पृष्ठ ८ | काठमाडौं, शुक्रबार २६ वैशाख २०८२ | वैशाख शुक्लपक्ष द्वादशी ने... 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी

# २१११ सालमा देश बन्दै बुढचौली समाज

मुलुकमा बुढचौली (६० वा सोभन्दा बढी उमेर समूह)को जनसंख्या निरन्तर बढ्दो छ। तर, बालबालिकाको जनसंख्या उल्टो अर्थात् घट्दो छ। त्यसैकारण वि.सं.२१११ सालमा देश बुढचौली समाजमा रूपान्तरण हुने अवस्था देखा पर्दैछ। त्यसैकारण बुढचौलीउन्मुख जनसंख्या व्यवस्थापनका लागि सरकारले एकीकृत रणनीति विकास गर्नुपर्ने जानकारहरूको सुझाव छ।

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

**– को रिपोर्ट**




समाचार पृष्ठ २

## एकै कम्पनीका ४६९ जना नेपाली साउदीमा अलपत्र

**विष्णु घिमिरे** | *साउदी अरब*

साउदी अरबको जुबेल सहरस्थित सेन्डन इन्टरनेसनल कम्पनी लिमिटेड कम्पनी बन्द भएपछि ४६९ जना नेपाली कामदार अलपत्र परेका छन्। अलपत्र पर्नेमा प्राय:जसो सो कम्पनीमा दुई वर्षभन्दा बढी काम गरेका नेपाली कामदारहरू छन्।

नेपाली दूतावासका श्रम काउन्सिलर कविराज उप्रेतीका अनुसार पीडित ४ सय ६९ जनाले कम्पनी बन्द भएकाले आफूहरू अलपत्र परेको र उद्धार गरिदिन दूतावासलाई २० दिन अगाडि निवेदन दिएको जानकारी दिए।

दूतावासमा लिखित निवेदनपश्चात् दूतावासले सम्बन्धित कम्पनीमा सम्पर्क गरी अलपत्र परेका नेपालीहरूलाई तत्काल उद्धार गर्नका लागि आह्वान गरेको उप्रेतीले बताए। पीडितमध्ये २ सय २६ जनाले स्वदेश फिर्ताका लागि निवेदन दिएका छन्।

२ सय ४३ जनाले आफूहरू काम पाएमा सम्बन्धित कम्पनीमा लोकल ट्रान्सफरको लागि आग्रह गरेको उप्रेतीले बताए। तर, साउदी सरकारले हाललाई बहिर्गमन भिसा प्रक्रिया केही समयका लागि बन्द गरेको छ।

» बाँकी पृष्ठ ३

## इमानिसीसँग मनास्लुका बासिन्दाको अपेक्षा

### ६९औं मनास्लु दिवस

**शिव उप्रेती** | *गोरखा*

विश्वको आठौं, नेपालको ७औं अग्लो मनास्लु हिमाल जापानी नागरिक तोशिओ इमानिशी र नेपाली नागरिक ग्याल्जेन नोर्बुले पहिलो पटक विक्रम संवत् १९५६ मे ९ का दिनमा आरोहण गरे। ८,१६३ मिटर अग्लो मनास्लु पहिलो पटक आरोहण गरेको दिनको सम्झनामा हरेक वर्ष मे ९ मा विभिन्न कार्यक्रम गरी मनास्लु दिवस मनाउने गरिन्छ।

दोस्रो विश्वयुद्धमा हिरोसिमा र नागासाकी जस्ता ठूला सहर ध्वस्त भएपछि गिरेको मनोबल इमानिशीले मनास्लु र जुन्को ताइबेईले १९७५ मा सगरमाथा आरोहण गरेपछि उच्च भएको जापानीहरू विश्वास गर्छन्।

सोही दिनको सम्झनामा हरेक बर्ष नेपालमा 'मनास्लु डे' मनाउने गरिन्छ। कहिले काठमाडौंमा, कहिले गोरखा सदरमुकाममा, कहिले गाउँपालिकामा र कहिले मनास्लु अवस्थित सामागाउँमा विभिन्न कार्यक्रम गरेर मनाइने गरिन्छ। यसवर्ष मनास्लु संरक्षण क्षेत्र



आयोजनाले मनास्लुको फेदी, सामागाउँमा विभिन्न कार्यक्रम गरी ६९ औं मनास्लु दिवस मनाउँदै छ।

मनास्लुको पहिलो आरोहणभन्दा तीन वर्षअघि अर्थात वि.सं. १९५३ मे २५ मा विश्वको सर्वोच्च शिखर सगरमाथाको पहिलो आरोहण गरिएको थियो। ८,८४८.८६ मिटर अग्लो सो हिमाल न्युजिल्यान्डका नागरिक सर एडमन्ड हिलारी र नेपाली नागरिक तेञ्जिङ नोर्गे शेर्पाले सफल आरोहण गरेका थिए।

सोही स्मरणमा १९७४ मा हिलारी फाउन्डेसन स्थापना गरी सामाजिक काम गर्ने गरिएको छ। साथै सगरमाथा क्षेत्रमा सर एडमन्ड हिलारी मेमोरियल म्युजियम एन्ड इल्डरकेयर सेन्टर स्थापना भएको छ।

तेञ्जिङ हिलारी पुरस्कार कोष स्थापना भएको छ। हिलारी फाउन्डेसनले शेर्पा समुदायमा गुणस्तरीय शिक्षा, महिला साक्षरता कार्यक्रम, शेर्पा विद्यार्थीहरूमा मेडिकल स्कलरसीप कार्यक्रम सञ्चालन गरेको छ। बर्सेनि विद्यार्थीको ट्युसन तिरिदिने, पोसाक तथा स्टेसनरी सामग्री वितरण गर्ने जस्ता कार्यक्रम पनि हिलारीको नाममा खुलेका संघ-संस्थाले गर्ने गरेका छन्।

जसरी हिलारीको नाममा खुम्बु क्षेत्रमा चौतर्फी विकासको कार्यक्रमहरू हुन्छन्, त्यसैगरी जापानी नागरिक इमानिसीको नाममा पनि जापान सरकारले यस क्षेत्रमा विभिन्न कार्यक्रम गर्दिए राम्रो हुने स्थानीयवासीको माग छ।


» बाँकी पृष्ठ ५

## पाकिस्तानको प्रहार, भारतद्वारा विफल

**काठमाडौं** (अन्नपूर्ण) : पाकिस्तानले प्रहार गरेको मिसाइललाई भारतले विफल बनाएको भारतीय सञ्चारमाध्यमले जनाएका छन्। बिहीबार राति जम्मु कश्मीरस्थित हवाईअड्डामा पाकिस्तानले मिसाइल प्रहार गरेको थियो। भारतीय सेनाले दिएको जानकारीअनुसार पाकिस्तानको एफ-१६ जेटलाई भारतले विफल बनाएको हो।

भारतको एस-४०० डिफेन्स सिस्टमले पाकिस्तानले प्रहार गरेका ८ वटा मिसाइललाई विफल बनाएको भारतीय सेनाले दाबी गरेको हो। यसैबीच धर्मशालामा भइरहेको इन्डियन प्रिमियर लिगको खेल पनि रद्द गरिएको छ। पञ्जाब र दिल्लीबीच भइरहेको खेल १०.१ ओभर खेलेपछि रद्द गरिएको हो। पाकिस्तानले कश्मीर, राजस्थान र पञ्जावका सीमाक्षेत्रमा ड्रोनमार्फत हमला गरिरहेको थियो।

यसैगरी पञ्जावको गुरदासपुर, राजस्थानको जैसलमेर र गुजरातको भुज क्षेत्रमा पनि आक्रमण गरेको जनाइएको छ। आक्रमण तीव्र भएपछि खतराको संकेत स्वरूप साइरनहरू बजाउँदै ब्ल्याकआउटसमेत गरिएको छ। सुरक्षाकर्मीले माइकिङ गर्दै घर, पसल र सवारी साधनहरूको बत्ती निभाउन आह्वान गरिरहेको सुनिएको थियो।




## मधेसमा बेरुजुको चाङ

**मनिका झा** | *जनकपुरधाम*

मधेस प्रदेश सरकारमा स्थापना कालदेखिकै बेरुजुको चाङ छ। तर, बेरुजु फछ्र्यौटतर्फ सरकारको ध्यान छैन। अर्थात्, भाषणमा सुशासन, भ्रष्टाचार नियन्त्रण र आर्थिक पारदर्शितालाई जोड दिने गरिन्छ। तर, व्यवहारमा भने आर्थिक अनुशासनहिनता बढ्दै गएको बेरुजुको तथ्यांकले जनाउँछ।

मधेस सरकारको बेरुजु

| विवरण | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | ०७८/०७९ | ०७९/०८० | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| असुल गर्नुपर्ने | २०,५७९ | ९६,६९८ | १५०,९५२ | १७३,८२८ | ८३,३६७ | ६६,१२० | ५९१,५४४ |
| नियमित गर्नुपर्ने | ३६,९३० | १,१०६,२४२ | १,१९६,७४१ | १,३००,९४६ | ५३३,४७४ | १,०७९,४८८ | ५,२५३,८२१ |
| पेस्की बाँकी | १०७,१०० | ५३६,००८ | ३७५,५१७ | ३३६,८९४ | १८९,९६४ | ४४६,००९ | १,९९१,४९२ |
| जम्मा | १६४,६०९ | १,७३८,९४८ | १,७२३,२१० | १,८११,६६८ | ८०६,८०५ | १,५९१,६१७ | ७,८३६,८५७ |

पछिल्लो ६ वर्षमा प्रदेश सरकारको ७ अर्ब ८३ करोड ८५७ भन्दा बढी बेरुजु छ। जसमध्ये नियमित गर्नुपर्ने ५ अर्ब २५ करोड ३८ लाख रुपैयाँ बेरुजी छ। पेस्की बेरुजु १ अर्ब ९९ करोड १४ लाख र असुलउपर गर्नुपर्ने बेरुजु ५९ करोड १५ लाख ४४ हजार रहेको प्रदेश लेखा नियन्त्रक कार्यालय जनकपुरधामले जनाएको छ।

प्रदेश सरकार गठन भएको पहिलो आर्थिक वर्ष २०७४/०७५ मा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलगायत सम्पूर्ण मन्त्रालय, प्रदेशसभा लगायतको बेरुजु १६ करोड ४६ लाख थियो। आव २०७५/०७६ मा यो रकम १ अर्ब, ७३ करोड ८४८ पुग्यो। ०७६/०७७ मा १ अर्ब ७२ करोड ३ लाखभन्दा बढी भयो भने ०७७/०७८ मा बढेर १ अर्ब ८१ करोड १६ लाखभन्दा बढी भयो। ०७८/०७९ मा बेरुजु फछ्र्यौट केही मात्रामा भएपछि ८० करोड ६८ लाख थियो भने पुन: ०७९/०८० मा १ अर्ब ५९ करोड १६ लाखभन्दा बढी बेरुजु हुन पुग्यो। हालसम्म प्रदेश सरकारको बेरुजु जम्मा ७ अर्ब ८३ करोड ६८ लाखभन्दा बढी छ।

महालेखापरीक्षकको मधेस प्रदेशको छैटौं वार्षिक प्रतिवेदन ०८१ अनुसार प्रदेशमा सबैभन्दा बढी बेरुजु भौतिक पूर्वाधार विकास मन्त्रालयको छ। जसको ८२ करोड ५४ लाख ४५ हजार बेरुजु छ। प्रदेशसभा सचिवालयको भने शून्य बेरुजु छ। मलेपको प्रतिवेदनअनुसार प्रदेशसभा सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित मन्त्रालय र मातहतका कार्यालय, प्रदेश लोकसेवा आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय, प्रदेश नीति तथा योजना आयोगसमेत १४९ निकायको ४७ अर्ब ९५ करोड २१ लाख ३२ हजार रुपैयाँको लेखापरीक्षण सम्पन्न भई १ अर्ब ८५ करोड ४२ लाख ४२ हजार रुपैयाँ बेरुजु छ।

कुल लेखापरीक्षण अंकको तुलनामा बेरुजु २.९३ प्रतिशत रहेको छ। गत वर्ष लेखापरीक्षण अंकको २.२५ प्रतिशत बेरुजु कायम गरिएको थियो भने। म्याद ननाघेको पेस्कीलाई समेत लगती बेरुजुमा कायम गरिएको छ।

'वित्तीय अनुशासन नभएसम्म प्रदेशमा सुशासनको कल्पना गर्न सकिँदैन,' अर्थशास्त्रका प्राध्यापक तथा मधेस प्रदेश नीति आयोगका पूर्वउपाध्यक्ष डा. भोगेन्द्र झा भन्छन्, 'व्यक्तिगत सत्ता लिप्सा र सस्तो लोकप्रियता कमाउने कार्यहरूमा संलग्न भएका हाम्रो प्रदेशका राजनीतिककर्मीहरूको ध्यान बेरुजु फछ्र्यौट जस्ता विषयहरूमा जाँदै नगएकाले पनि बेरुजुको चाङ लागेको हो।'

मधेस प्रदेशमा आर्थिक कारोबार गर्दा कानुनको परिपालन नभएको, प्रदेशको आन्तरिक आय कम हुँदा संघीय अनुदानमा निर्भर रहेको, चालु खर्चमा बर्सेनि वृद्धि हुँदै गएको, उत्पादनशील क्षेत्रमा न्यून बजेट परिचालन भएको, आयोजना बैंक कार्यान्वयनमा ल्याई योजना छनौट नहुँदा टुक्रे आयोजनाहरूमा खर्च भइरहेको, जटिल प्रकृतिका तथा प्राविधिक ज्ञान र तीन तहबीच समन्वय नहुँदा एकै प्रकृतिका कार्यहरू सबै तहबाट भइरहेको हुँदासमेत वित्तीय अनुसासन कायम हुन नसकेको मलेपको प्रतिवेदनमा औंल्याइएको छ।